**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १८ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- चुनाउ आयोगले आउदो विधानसभा चुनाउलाई ध्यानमा राख्दै पश्चिम बंगाल राज्यभरि प्रशासनिक र पुलिस अधिकारीहरूको व्यापक फेरबदल गरेको छ।

- केन्द्रीय मन्त्रीमंडलले ३३ हजार ६६० करोड रुपियाको आवंटन सहित १०० प्लग एन्ड प्ले औद्योगिक पार्कहरू विकास गर्न भारत औद्योगिक विकास योजना (भव्या) लाई स्वीकृति दिएको छ।

- निर्वाचन आयोगले आगामी विधानसभा चुनाव अघि चार राज्य र एक केन्द्र शासित प्रदेशमा शान्तिपूर्ण र निष्पक्ष मतदान सुनिश्चित गर्न २५ लाखभन्दा अधिक अधिकारीहरू परिचालन गरेको छ।

- मिरिक महाविद्यालयमा आज आकाशवाणी खरसाङको आयोजनामा विद्यार्थीहरूलाई लिएर आकाशवाणी कार्यक्रम सम्पन्न भएको छ ।

- भारतीय अन्तर्राष्ट्रिय महिला फुटबल खेलाडी सुष्मिता लेप्चालाई दार्जिलिङमा स्थानीय फुटबल प्रेमीहरू र विभिन्न फुटबल संस्थाहरूद्वारा भव्य स्वागत गरिएको छ ।

**<u>चुनाउ आयोग-पश्चिम बंगाल</u>**

चुनाउ आयोगले पश्चिम बंगाल राज्यभरि प्रशासनिक र पुलिस अधिकारीहरूको व्यापक फेरबदल गरेको छ। जिल्ला चुनाउ अधिकारीको रूपमा काम गर्ने धैरै जिल्ला मजिस्ट्रेटहरूलाई हटाउन आज एक निर्देश जारी गरिएको छ। कूचबिहार, जलपाईगुडी, उत्तरी दिनाजपुर, मालदा, मुर्शिदाबाद, नादिया, पूर्वी बर्दवान, उत्तर र दक्षिण २४ परगना, दार्जीलिङ र अलीपुरद्वारसहित ११ जिल्ला अधिकारीहरू फेरबदल गरिएका छन्। यसका साथै कोलकाताका दुई सह जिला निर्वाचन अधिकारी लाई पनि हटाइएको छ।

*यसअघि आयोगले राज्यका पाँच डीआईजी दर्जाका अधिकारीहरूलाई हटाउन आदेश दिएको थियो। त्यसको एक घण्टामै जिल्ला मजिस्ट्रेटहरूलाई पनि हटाइएको छ । कुचबिहारको नयाँ जिल्ला मजिस्ट्रेटमा जितेन यादवलाई नियुक्त गरिएको छ । सन्दीप घोष जलपाइगुडीका नयाँ जिल्ला मजिस्ट्रेट हुन् । उत्तर दिनाजपुरमा विवेक कुमार, मालदामा राजनवीर सिंह कपूर, मुर्शिदाबादमा आर अर्जुन, नादियामा श्रीकान्त पल्ली, पूर्वी बर्दवानमा स्वेता अग्रवाल, उत्तर २४ परगनामा शिल्पा गौरीसरिया, दक्षिण २४ परगनामा अभिषेक कुमार तिवारी, दार्जिलिङमा हरिचन्द्र पणिकर र अलीपुरद्वारमा टी. बालासुब्रमणियन, उत्तर कोलकातामा स्मिता पाण्डे र दक्षिण कोलकातामा रणधीर कुमारलाई नयाँ नगर आयुक्त सह जिला निर्वाचन अधिकारी को रूपमा नियुक्त गरिएको छ। हटाइएकाहरुलाई प्रक्रिया पूरा नभएसम्म निर्वाचनसम्बन्धी कुनै पनि काममा खटाउन नपाइने भएको छ । सरुवा भएका अधिकारीहरुले तत्काल नयाँ जिम्मेवारी लिनुपर्ने निर्वाचन आयोगले स्पष्ट पारेको छ । साथै, हटाइएका अधिकारीहरुलाई चुनाउ प्रक्रिया सम्पन्न नभएसम्म कुनै पनि चुनाउ सम्बन्धी पदमा खटाइने छैन । उल्लेखनीय छ, चुनावको कार्यक्रम घोषणा भएदेखि नै आयोगले राज्यका उच्च प्रशासनिक र पुलिस अधिकारीहरूमा लगातार परिवर्तन गरिरहेको छ। यसअघि मुख्य सचिव, गृह सचिव, पुलिस महानिर्देशक, कोलकाताका पुलिस कमिश्नर समेत धैरै वरिष्ठ अधिकारीहरु फेरबदल भइसकेका छन् ।*

**केन्द्रीय मन्त्रीमंडल- भव्या**

केन्द्रीय मन्त्रीमंडलले ३३ हजार ६६० करोड रुपियाको आवंटन सहित १०० प्लग एन्ड प्ले औद्योगिक पार्कहरू विकास गर्न भारत औद्योगिक विकास योजना (भव्या) लाई स्वीकृति दिएको छ। मन्त्रिमण्डलको बैठकपछि नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिँदै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, यस योजनाको उद्देश्य विश्वस्तरीय औद्योगिक पूर्वाधारको विकास गर्नु हो, विनिर्माण क्षमतालाई उजागर गर्नु र देशको विकासको कथालाई अगाडि बढाउनु हो। उहाले अझ भन्नुभयो - १०० देखि १ हजार एकडको औद्योगिक पार्कहरू प्रति एकड एक करोड रूपियाँसम्मको सहयोगका साथ विकास गरिनेछ।

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले चैत्र शुक्लादि, उगादी, गुडी पाडवा, चेती चन्द, नाभरेह र सजिबु चेरोबाको पूर्वसन्ध्यामा देशवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ । सन्देशमा राष्ट्रपति मुर्मुले यी चाडपर्वहरूले प्रेम र सद्भावका माध्यमबाट भारतका विभिन्न समुदायबीच एकता बढाउनका साथै नागरिकमा सुख, समृद्धि र कल्याण ल्याउन शुभकामना व्यक्त गर्नुभएको छ राष्ट्रपति मुर्मुले नयाँ वर्षको आगमनमा यस्ता चाडपर्व मनाउनुले देशको समृद्ध सांस्कृतिक विविधताको प्रतीकका साथै प्रकृतिसँगको सम्बन्धलाई गहिरो बनाएको बताउनु भएको छ । राष्ट्रपति मुर्मुले यस पर्वले नयाँ आशा, नयाँ संकल्प र सकारात्मकताको भावनाका साथ जीवनमा अगाडि बढ्न प्रेरित गर्ने बताउनु भएको छ

**लोकसभा एक राष्ट्र, एक चुनाव**

लोकसभाले एक राष्ट्र, एक चुनाव सित सम्बन्धित विधेयकको समीक्षा गर्ने संयुक्त संसदीय समितिको कार्यकाल मनसुन सत्र, २०२६ को अन्तिम हप्ताको पहिलो दिनसम्म बढाएको छ। यस विधेयकमा लोकसभा र राज्य विधानसभाहरूको चुनाव एकैसाथ गर्ने प्रस्ताव गरिएको छ। समितिका अध्यक्ष पीपी चौधरीले संविधान (संशोधन) विधेयक, २०२४ र केन्द्र शासित प्रदेश अधिनियम (संशोधन) विधेयक, २०२४ मा संयुक्त समितिको कार्यकाल विस्तार गर्ने प्रस्ताव राख्नुभयो जसलाई सदनले ध्वनिमतले पारित गरेको छ ।

**संचार मंत्री ज्योतिरादित्य सिंधिया - डाक विभाग -योजना**

सञ्चार मन्त्री ज्योतिरादित्य सिंधियाले भन्नुभएको छ – डाक विभागले पार्सलको वितरणमा सुधार गर्न मेल पार्सल अप्टिमाइजेशन प्रोजेक्ट शुरु गरेको छ। आज लोकसभामा पूरक प्रश्नहरूको जवाफ दिनुहुदै श्री सिंधियाले भन्नुभयो, यस पहल अन्तर्गत पार्सल नेटवर्क र वितरण केन्द्रहरूलाई युक्तिसंगत बनाइएको छ र अखिल भारतीय सडक परिवहन नेटवर्क सञ्चालन गरिएको छ। श्री सिंधियाले भन्नुभयो, विभागले देशका सबै जिल्लाहरूमा डाक कार्यालयहरू, मेल र पार्सल प्रसंस्करण केन्द्रहरूको बुनियादी ढांचा को उन्नतिका लागि विगत तीन वर्षमा विभिन्न पहलहरू गरेको छ। यी पहलहरूले पार्सल सम्हाल्ने क्षमता बढाएको सञ्चार मन्त्री सिन्धियाले बताउनु भएको छ I

**केन्द्रीय सञ्चार मन्त्री -6G**

केन्द्रीय सञ्चार मन्त्री ज्योतिरादित्य सिंधियाले भारतले ६जी मोबाइल नेटवर्कका लागि मापदण्ड तय गर्न दृढतापूर्वक काम गरिरहेको बताउनु भएको छ । नयाँ दिल्लीमा 6G मानकीकरणमा अन्तर्राष्ट्रिय कार्यशालाको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुदै मन्त्री श्री सिंधियाले यस कार्यशालाले यस क्षेत्रका लागि दिगो र स्पष्ट परिणामहरू प्रदान गर्ने बताउनु भएको छ । उहाले जोड दिदै भन्नुभएको छ - 6G को युगले गति र विलम्बमा घातीय जम्पलाई प्रतिनिधित्व गर्दछ। दूरसञ्चार क्षेत्रमा देशको प्रगतिको प्रशंसा गर्नुहुदै श्री सिन्धियाले विगत १० वर्षमा देशमा डाटाको लागत ९७ प्रतिशतले घटेको कुरा बताउनुभएको छ। एक महिनामा २० अर्बभन्दा अधिक डिजिटल लेनदेनका साथ भारत विश्वभरि डिजिटल लेनदेनमा अग्रणी बनेको छ।

**निर्वाचन आयोग - विधानसभा चुनाउ तैनाती**

निर्वाचन आयोगले आगामी विधानसभा चुनाव अघि चार राज्य र एक केन्द्र शासित प्रदेशमा शान्तिपूर्ण र निष्पक्ष मतदान सुनिश्चित गर्न २५ लाखभन्दा अधिक अधिकारीहरू परिचालन गरेको छ। १५ लाख मतदान कर्मचारी, ८ लाख ५० हजार

सुरक्षाकर्मी र अन्य अधिकारीहरू संलग्न छन्। आयोगका अनुसार आम चुनाव र उप-चुनावको समयमा निगरानी गर्न 832 विधानसभा क्षेत्रहरुमा एक हजार भन्दा अधिक केन्द्रीय पर्यवेक्षकहरू पनि तैनाथ गरिएको छ। जसमा ५५७ सामान्य पर्यवेक्षक, १८८ पुलिस पर्यवेक्षक र ३६६ व्यय पर्यवेक्षक रहेका छन् ।

## चुनाउ आयोग -नाका सतर्कता

**चुनाउ आयोगको निर्देशनमा पश्चिम बंगालमा स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्न सुरक्षा व्यवस्था कठोर पारिएको छ। यस अन्तर्गत आज सिलिगुडी शहर र वरपरिका क्षेत्रहरुमा व्यापक जाँच अभियान चलाइएको छ । सिलिगुडी लगायत राज्यभरिका प्रमुख प्रवेशद्वार र निकास बिन्दुहरूमा पनि निगरानी बढाइएको छ। महत्त्वपूर्ण सिलिगुडी जंक्शन, दार्जीलिंग मोर, पानीटंकी मोड़ सहित शहरको निकास बिन्दुहरूमा विशेष सतर्कता अपनाइएको छ ।**

## चुनाव आयोग -अतिरिक्त मतदाता सूची

चुनाउ आयोगले यसै हप्ता अतिरिक्त मतदाता सूची जारी गर्ने सम्भावना छ, जसले लगभग २० लाख मतदाताहरूको स्थिति स्पष्ट हुनेछ । यी मतदाताहरुको सत्यपान प्रक्रिया पूरा भइसकेको छ । आधिकारिक सुत्रका अनुसार नयाँ सूचीले कुन मतदाताको नाम मतदाता सूचीमा रहनेछ र कसलाई हटाइने भन्ने जानकारी दिनेछ ।

## पश्चिम बर्दवान जिल्ला - सत्तारूढ तृणमूल - भाजपा प्रतिस्पर्धा

पश्चिम बर्दवान जिल्लाको नौ विधानसभा सिटमा सत्तारूढ तृणमूल र मुख्य विपक्षी भाजपाबीच फेरि एक पटक प्रत्यक्ष प्रतिस्पर्धा हुने सम्भावना छ। बर्ष २००८मा परिसीमन आयोगको सिफारिसपछि यो सीट गठन भएको थियो ।

यस अन्तर्गत पुरानो आसनसोल विधानसभा निर्वाचन क्षेत्रलाई दुई भागमा विभाजन गरिएको थियो – आसनसोल दक्षिण र आसनसोल उत्तर। यो क्षेत्र आसनसोल नगर निगमका २२ वटा वार्डहरू र रानीगञ्ज सामुदायिक विकास खण्डका पाँच ग्राम पञ्चायतहरू मिलेर बनेको छ। ग्रामीण क्षेत्रमा ५.५५ प्रतिशत मतदाताहरु छन् । त्यसै कारण यसलाई पूर्ण शहरी क्षेत्र मानिन्छ । यो सिटमा अहिलेसम्म चार वटा विधानसभा चुनाव भइसकेका छन् । बर्ष २०११ र बर्ष २०१६ मा तृणमूलका नेता तापस बनर्जीले यहाँबाट जितेका थिए । बर्ष २०२१ मा पहिलो पटक भाजपाका उम्मेदवार अग्निमित्रा पालले तृणमूल कांग्रेसकी उम्मेदवार सयानी घोषलाई पराजित गरेकी थिइन् । यसअघि तृणमूलका नेता तापस बनर्जीले लगातार दुई पटक माकपा उम्मेदवारलाई पराजित गरेका थिए । बर्ष २०११ मा उहाले माकपा नेता आलोक कुमार मुखर्जीलाई २८ हजार ५४१ मतले पराजित गरेका थिए भने बर्ष २०१६ मा उहाले भाकपा नेता हेमन्त प्रभाकरलाई १४ हजार २८३ मतको अन्तरले पराजित गरेका थिए ।

## भारतीय प्रौद्योगिकी संस्थान (आईआईटी) खड़गपुर - प्लेटिनम जयंती समारोह

भारतीय प्रौद्योगिकी संस्थान (आईआईटी) खडगपुरको प्लेटिनम जयन्ती समारोहको एक भागको रूपमा पुरुलियामा एक विद्यालय सम्पर्क कार्यक्रम सफलतापूर्वक आयोजना गरियो । यो पहलले शैक्षिक पहुँचलाई सुदृढ पार्न र समावेशी शिक्षालाई बढावा दिन संस्थानको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। कक्षा ७ देखि १० सम्मका विद्यार्थीहरूलाई प्राकृतिक भाषा आकड़ा विश्लेषणको आधारभूत अवधारणाहरूसँग परिचित गराउनु र बहुभाषिकता र भाषा प्रौद्योगिकीको बुझाइको विकास गर्नु कार्यक्रमको मुख्य उद्देश्य थियो।

## मिरिक महाविद्यालय-कार्यक्रम

मिरिक महाविद्यालयमा आज आकाशवाणी खरसाङको आयोजनामा विद्यार्थीहरूलाई लिएर युवाहरूमाझ आकाशवाणी कार्यक्रम सम्पन्न भयो । आकाशवाणी तथा प्रसार भारतीको ९० वर्ष पुगेको अवसरमा आकाशवाणी खरसाङद्वारा विभिन्न महाविद्यालयहरूमा यस प्रकारको कार्यक्रम गर्दै आएको आयोजक समितिद्वारा जानकारी गराइएको थियो ।आयोजक समितिले विद्यार्थीहरूलाई लिएर निबन्ध लेखन, वाकपटुता तथा हाजिरी जवाब प्रतियोगिताको आयोजना गरेको थियो। कार्यक्रममा आकाशवाणी खरसाङको तर्फबाट सह निदेशक राजिब सुब्बा,कार्यक्रम निस्पादकहरु योजना मोहोरा, मिङ्मा दोर्जे लामा, मनन

तामाङ, डिइओ अभिषेक गोयल तथा युथ कार्यक्रम प्रतिनिधिहरू मौसम नेवार अनि प्रयास प्रधान उपस्थित थिए भने महाविद्यालयको तर्फबाट प्राध्यापक डा आनन्द छेत्री, प्रा. विक्रम राई लगायत सम्पूर्ण शिक्षण एवम् अशिक्षण कर्मचारी गणको उपस्थिति रहेको थियो।

## भारतीय अन्तर्राष्ट्रिय महिला फुटबल खेलाडी-स्वागत

भारतीय अन्तर्राष्ट्रिय महिला फुटबल खेलाडी सुष्मिता लेप्चालाई हिज दार्जिलिङमा स्थानीय फुटबल प्रेमीहरू र विभिन्न फुटबल संस्थाहरूले भव्य स्वागत जनाए 1 दार्जिलिङका महिला फुटबल खेलाडीहरू, हिमालयन फुटबल क्लब खरसांग , दार्जिलिङ फुटबल एकेडेमी, घूम फुटबल एकेडेमी, हर्सिङ एफसी, दार्जिलिङ गोर्खा हिल स्पोर्ट्स एसोसिएसनका साथै धेरै स्कूल टोलीका खेलाडीहरू उनको स्वागतमा उपस्थित थिए। यस अवसरमा,गोर्खा दुख निवारक सम्मेलन भवनको हलमा फुटबल विकास सम्बन्धी विशेष अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरिएको थियो। जसमा मुख्यतया स्कूल-स्तरीय फुटबल प्रतियोगिताहरू, महिला फुटबलको विकास र खेल मार्फत महिला सशक्तिकरणमा केन्द्रित थियो। सुष्मिता लेप्चा भारतकी एक अन्तर्राष्ट्रिय महिला फुटबल खेलाडी हुन्। उनी हाल भारतीय महिला राष्ट्रिय फुटबल टोली र पूर्वी बंगाल महिला फुटबल टोलीबाट खेल्ने गर्छिन

**********